# स्वत प्रकाशन(Proactive Disclosure)

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको व्यवस्था बमोजिम सूचनाको हकसम्बन्धि ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नुपर्ने कानूनी व्यवस्था छ । यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शीर्षक तोकिएका छन् । सूचनाको हकसम्बन्धि कानूनको मूल ध्येय नै नागरिकले सूचना माग नगरे पनि आफ्नो निकायको पारदर्शिता, जवाफदेहिता र विश्वसनीयताको लागि नियमित रुपमा विवरण प्रकाशित गर्ने क्रममा जिल्ला समन्वय समितिको कार्यालय भक्तपुरद्धारा आ.व.२०८१।८२ को दोस्रो त्रैमासिक (२०८१ कार्तिक, मङ्सिर,पौस र माघ ) महिनामा सम्पादित मुख्य मुख्य कामको मुख्य मुख्य विवरण प्रस्तुत गरिएको छ ।

जिल्ला समन्वय समिति

भक्तपुर

# विषयसूचि :


१. जि.स.स को स्वरुप र प्रकृति
२. जि.स.स को काम, कर्तव्य र अधिकार
३. जि.स.स मा रहने कर्मचारी सङ्ख्या र कार्य विवरण
४. जि.स.स बाट प्रदान गरिने सेवा
५. जि.स.स शाखा र जिम्मेवार अधिकारी
६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर
७. निर्णय गर्ने प्रकृया र अधिकार
८. निर्णय उपर उजुरी सुन्ने अधिकारी
९. सम्पादन गरेको कामको विवरण
१०.सूचना अधिकारी र प्रमुखको नाम र पद
११.ऐन, नियम, विनियम वा निर्देशिकाको सूचि
१२.आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धि अद्यावधिक विवरण
१३.तोकिए बमोजिमका अन्य विवरण
१४.अघिल्लो आ.ब. मा सञ्चालित कार्यक्रमहरु
१५.जि.स.स को वेभसाइट
१६.जि.स.स ले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण
१७.जि.स.स ले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन
१८.जि.स.स ले वर्गिकरण तथा सैरक्षण गरेको सूचनाको नामावली र त्यस्ता सूचना संरक्षण गर्न तोकिएको समायावधि भित्र जि.स.स मा परेको सूचना माग सम्बन्धि निवेदन र सो उपर सूचना दिइएको विवरण
१९.जि.स.स का सूचनाहरु अन्यत्र प्रकाशन भएको भए वा हुने भए सोको विवरण

# जिल्ला समन्वय समितिको कार्यालय, भक्तपुर

सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशित विवरण

आ.व. ०८१।८२ को दोस्रो त्रैमासिक (२०८१ कार्तिक, मङ्सिर, पौष र माघ)

१. जि.स.स.को स्वरुप र प्रकृति

जिल्ला समन्वय समितिको कार्यालय निर्वाचित जनप्रतिनिधिहरुले नेतृत्व गर्ने कार्यालय हो । नेपालको संविधानको धारा २२०(१) मा भएको व्यवस्था बमोजिम जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरुबीत समन्वय गर्न जिल्ला सभाको गठन भएको हो । जिल्ला सभामा एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तिमा एक जना दलित वा अल्पसङ्ख्यक सहित वढिमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्ने छ । जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कारय सम्पादन गर्नेछ भन्ने व्यवस्था रहेको छ । भक्तपुर जिल्ला समन्वय समितिमा प्रमुख, उपप्रमुख र ५ जना सदस्य गरी जम्मा ७ जना पदाधिकारी रहनु भएको छ । भक्तपुर जिल्ला समन्वय समितिको बैठक प्रत्येक महिनाको पहिलो साता नियमित रुपमा बस्ने गरेको छ भने आवश्यकता अनुसार अन्य बैठक समेत बस्ने गरेको छ । केन्द्र सरकारबाट प्रापत निर्देशन र जिल्ला समन्वय समितिले गर्ने निर्णयहरुको कार्यान्वयन तथा दैनिक प्रशासन सञ्चालनको लागि जिल्ला समन्वय अधिकारी (रा.प.द्धितीय श्रेणी) को नेतृत्वमा निजामती स्थायी तथा करार सेवा तर्फका कर्मचारीहरु कार्यरत छन् । नेपालको संविधानका साथै स्थानीय सरकार सञ्चालन ऐन, २९७४ को दफा ९२ ले जिल्ला समन्वय समितिले गर्ने कार्य निर्दिषट गरेको छ ।

२. जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार :-

क) नेपालको संविधानको धारा २२० अनुसारका कार्यहरु

- जिल्ला भित्रका गाँउपालिका र नगरपालिकाबीच समन्वय गर्ने
- विकास तथा निर्माण सम्बन्धि कार्यमा सन्तुलन कायम गर्न र सोको अनुगमन कार्य गर्ने
- जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने
- प्रदेश कानून बमोजिम अन्य कार्य गर्ने

ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमका कार्यहरु

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ मा जिल्ला सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने उल्लेख छ :-

- जिल्ला भित्रका गाँउपालिका वा नगरपालिकाबीचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,
- जिल्ला भित्रका सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धि कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषयक्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मारगदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने,
- जिल्ला भित्रका गाँउपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश वा सङ्घ सङ्ग समन्वय गर्ने,
- जिल्लामा रहने सङ्घीय वा प्रदेश सरकारी कार्यालय र गाँउपालिका तथा नगरपालिकाबीच समान्वय गर्ने,
- जिल्ला भित्रका गाँउपालिका वा नगरपालिकाबीच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने,
- जिल्ला भित्रका प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धि योजना र कार्यको समन्वय गर्ने,
- जिल्ला भित्रका विकास निर्माण सम्बन्धि कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धि कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तहसम्बन्धि विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाँयपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने,
- आफ्नो काम कारबाही सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धि विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुईमहिना भित्र प्रतिवेदन दिने,
- जिल्ला भित्रका विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तिमा एक पटक वार्षिक समिक्षको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट सङ्घीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसदसदस्यहरुलाई आमन्त्रण गरी सुझाव लिने,

ग) बागमती प्रदेश कानून र नियमावली बमोजिमका कार्यहरु

संविधानको धारा २२० को उपधारा (७) तथा अन्य प्रचलित प्रदेश कानूनमा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) जिल्ला भित्रका सङ्घीय वा प्रदेश सरकारी कार्यालय र स्थानीय तह वीच समन्वय गर्ने,

(ख) जिल्लाभित्रका स्थानीय तहमा विकास निर्माण सम्बन्धी कार्यको अनुगमन गर्ने,

(ग) जिल्लाभित्रका स्थानीय तहको क्षमता विकासको लागि प्रदेश तथा सङ्घसँग समन्वय गर्ने गरी कार्यक्रम सञ्चालन गर्ने

(घ) जिल्लाभित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र राहत वितरण लगायतका कार्यमा समन्वय र सहजिकरण गर्ने,

(ङ) जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी सङ्घ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,

(च) जिल्ला भित्रको बिकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि प्रदेश सरकार तथा आवश्यकता अनुसार सम्बन्धित स्थानीय तहलाई समेत सुझाव दिने,

(छ) जिल्लाभित्र राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघसंस्थाचाट संचालन भइरहेका योजना र कार्यक्रमको प्रभावकारिता उपयुक्तता तथा सन्तुलित किसिमले भए नभएको सम्बन्धमा अनुगमन गरी दोहोरो नहुने गरी उपयुक्त स्थानमा पठाउन सम्बन्धित स्थानीय तहसंग आवश्यक समन्वय र सहजीकरण गर्ने

(ज) जिल्लाभित्रका एकभन्दा बढी स्थानीय तह प्रभावित हुने आयोजना तथा परियोजनाका प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय प्रभाव मुल्याइन गर्न समन्वय गर्ने

(झ) जिल्लाको समग्र विकासका लागि सरोकारवालासँग छलफल र समन्वय गर्ने

(ञ) जिल्लाभित्र सञ्चालित सङ्घीय तथा प्रदेशस्तरीय आयोजना तथा परियोजनाको कार्यान्वयनको सम्बन्धमा संह्रीय तथा प्रदेश सरकारसँग समन्वय, सहजीकरण र सहयोग गर्ने

(ट) जिल्लास्तरीय अन्तर स्थानीय तह खेलकुद प्रतियोगिता, कला, शैक्षिक प्रदर्शनी, कृषि प्रदर्शनीको आयोजना गर्ने,
(ठ) जिल्ला सूचना तथा अभिलेख केन्द्रको स्थापना तया सचालन गर्ने

(ड) जिल्लाभिषका स्थानीय तहले तर्जुमा गरेका कानूनको अभिलेधिकरण गर्ने

(ढ) जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वार्षिक समीक्षा आयोजना गर्ने,

(ण) नेपाल सरकारले अवलम्बन गरेको नीति अनुरुप स्थानीय तहले बालमैत्री लौद्रिक मैत्री, अपाङ मैत्री, वातावरणमैत्री, सरसफाई, खोप, साक्षरता अभियान तथा भवन आचार संहिता सम्बन्धी क्रियाकलाप सञ्चालन गरे नगरेको अनुगमन गरी प्रतिवेदन संघीय सरकार तथा प्रदेश सरकार समक्ष पेश गर्ने,

(त) स्थानीय तहबाट सम्पादित विकास निर्माणको गुणस्तरीयताको अध्ययन / परिक्षण गरी सो को प्रतिवेदन संघीय तथा प्रदेश सरकार समक्ष पेश गर्ने,

(थ) उत्कृष्ट स्थानीय तहलाई पुरस्कृत गर्नको लागि प्रदेश सरकार समक्ष सिफारिश गर्ने,

(द) नदिजन्य पदार्थ उत्खननको क्रममा तोकिएको मापदण्ड विपरित उत्खनन एवं विक्रि गरेको सम्बन्धमा अनुगमन गरी प्रदेश सरकार समक्ष सिफारिश गर्ने,

(ध) प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने।

३. जिल्ला समन्वय समितका पदाधिकारीहरु तथा कर्मचारीहरुको सङ्ख्या र कार्यविभाजन

क) जिल्ला समन्वय समितिका पदाधिकारीज्यूहरुको विवरण

| सि.नं. | पदाधिकारीको नाम | पद/श्रेणी |
|---|---|---|
| १ | श्री ईश्वर बहादुर थापा | प्रमुख |
| २ | श्री सुजाता वाडे वैद्य | उपप्रमुख |
| ३ | श्री विनु के सी | सदस्य |
| ४ | श्री विश्वराम त्वानावासु | सदस्य |
| ५ | श्री राममाया मिजार | सदस्य |
| ६ | श्री नानु कार्की | सदस्य |
| ७ | श्री मन्जु कार्की | सदस्य |

ख) जिल्ला समन्वय समितिमा हाल कार्यरत स्थायी निजामती कर्मचारीहरुको विवरणः-

| सि.नं. | कर्मचारीको नाम | पद/श्रेणी |
|---|---|---|
| १ | श्री राधाकृष्ण खतिवडा | जि.स.अ./रा.प.द्धि |
| २ | श्री सविन कासुला | ईन्जिनियर/रा.प.तृ |
| ३ | श्री राजाराम खतिवडा | शा.अ./ रा.प.तृ |
| ४ | श्री रामकुमार खड्का | ना.सु./रा.प.अनं.प्रथम |
| ५ | श्री खेमराज ढकाल | लेखापाल/ रा.प.अनं.प्रथम |
| ६ | श्री कल्पना खड्का | खरिदार/ रा.प.अनं.द्धि |

ग) जिल्ला समन्वय समितिमा हाल रिक्त रहेको पदको विवरण

१) सबईन्जिनियर रा.प.अनं. प्रथम प्राविधिका – १(एक)

२) कार्यालय सहयोगी श्रेणी विहिन – १(एक)

जिल्ला समन्वय समितिमा हाल करारमा कार्यरत कर्मचारीहरुको विवरण

| सि.नं. | कर्मचारीको नाम | पद/श्रेणी | कार्यरत शाखा |
|---|---|---|---|
| १ | श्री आशिष के सी | ना.सु | जि.स.स. प्रमुखको निजी सचिवालय |
| २ | श्री भिमनाथ गेलाल | सवारी चालक | जि.स.स. प्रमुख |
| ३ | श्री सरोज न्यौपाने | सवारी चालक | जि.स.स. उपप्रमुख/जि.स.अ |
| ४ | श्री शैलेन्द्र मलेकार | कार्यालय सहयोगी | सबै शाखा |
| ५ | श्री लक्ष्मण गेलाल | कार्यालय सहयोगी | सबै शाखा |
| ६ | श्री रमिता पोडे | सफाई कर्मचारी | सबै शाखा (आंशिक समय) |

४. जिल्ला समन्वय समितिबाट प्रदान गरिने सेवाहरुः

- नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन साथै संघीय तथा प्रदेश कानून बमोजिमका सबै सेवाहरु,
- नागरिक बडापत्र तयार गरिएको,
- जि.स.स.बाट सम्पादन गरिने कामहरुको विवरण सार्वजनिक गर्ने गरिएको ।

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

| सि.नं. | शाखाको नाम | जिम्मेवार अधिकारी | |
|---|---|---|---|
| १ | व्यवस्थापन शाखा | शा.अ. श्री राजाराम खतिवडा<br>ना.सु. रामकुमार खड्का<br>खरिदार कल्पना खड्का<br>लेखापाल खेम ढकाल<br>सवारी चालक भिमनाथ गेलाल<br>सवारी चालक सरोजकुमार न्यौपाने<br>कार्यालय सहयोगी शैलेन्द्र मलेकार<br>कार्यलय सहयोगी लक्ष्मण गेलाल | |
| २ | अनुगमन तथा मुल्याङ्कन शाखा | ईन्जिनियर सविन कासुला | |

६. सेवा प्रदान गर्न लाग्ने दस्तुर

- जिल्ला समन्वय समितिले प्रदान गर्ने सबै सेवा निशुल्क रुपमा प्रदान हुने ।

७. निर्णय गर्ने प्रकृया

- शाखासँग सम्बन्धित कामहरुको निर्णय शाखा प्रमुखबाट हुने ।

- शाखा प्रमुखबाट हुन नसकेका निर्णय र कार्यालय प्रमुखबाटै निर्णय हुने भनी तोकिएका विषयमा कार्यालय प्रमुखबाट हुने ।
- नीतिगत विषयका निर्णयहरु जिल्ला समन्वय समितिबाट हुने ।

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

- कार्यालयको दैनिक कामकाज सम्बन्धमा भएको निर्णय सम्बन्धि उजुरी – जिल्ला समन्वय अधिकारी
- जिल्ला समन्वय अधिकारीको निर्णय सम्बन्धि उजुरी – जि.स.स. प्रमुख

९. सम्पादन गरेका कामको विवरण

मिति २०८१ कार्तिक ११ देखि १३ गते सम्म २०८०" मा संचालित ०८१/विकास निर्माण तथा सेवा प्रवाह सम्बन्धी वार्षिक समीक्षा कार्यक्रम " २०८१- सम्पन्न भयो ।

मिति २०८१पुष १७ गते चाँगुनारायण नगरपालिकाको प्रशासनिक कार्यको अनुगमन गरियो ।

मिति २०८१ पुष १९ गते मध्यपुर थिमि नगरपालिकाको प्रशासनिक कार्यको अनुगमन गरियो ।

मिति २०८१ मङ्सिर १४ देखी २२ गतेसम्म जिल्ला समन्वय समिति भक्तपुरका उपप्रमुख श्री सुजाता बाडे वैद्य ज्युको नेतृत्वमा रारा ताल भ्रमण तथा जिल्ला समन्वय समिति चितवन, जुम्ला, कालिकोट र मुगु बीच अनुभव आदानप्रदान कार्यक्रममा सम्पन्न भयो ।

मिति २०८१ माघ १० गते राष्ट्रीय कला सङ्ग्राहलय र दरबार हेरचाह कार्यालयको प्रशासनिक कार्यको अनुगमन सम्पन्न भयो ।

मिति २०८१ माघ २२ गते देखि माघ २७ गते सम्म HVP खोप अभियान कार्यक्रमको अनुगमन सम्पन्न भयो ।

१०. सूचना अधिकारी र प्रमुखको नाम र पद

- कार्यालय प्रमुख : जिल्ला समन्वय अधिकारी श्री राधाकृष्ण खतिवडा
- सूचना अधिकारी : शा.अ. श्री राजाराम खतिवडा

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन,२०७४
- सार्वजनिक खरिद ऐन,२०६३ र नियमावली, २०६४
- गाउँ/नगर/जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५(बागमती प्रदेश)

- जिल्ला समन्वय समितिको अन्य काम, कर्तव्य र अधिकार  सम्बन्धि नियमावली, २०७५(बागमती प्रदेश)
- वातावरण संरक्षण ऐन, २०७६ र नियमावली, २०७६
- वातावरण संरक्षण ऐन, २०७७
- संघ, प्रदेश र स्थानीय तहबीच अन्तरसम्बन्ध सम्बन्धि ऐन, २०७७

१२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धि अद्यावधिक विवरण

| सि.नं. | विवरण | प्राप्त रकम | खर्च भएको रकम |
|---|---|---|---|
| १ | जि.स.स. अनुदान | १,५०,४७,०००।- | ८६,०९,०४०.६।- |
| २ | कर्मचारी कल्याण कोष | ..... | ..... |

जि.स.स.को धरौटी रकम हाल जि.स.स.मा १,१०,६९,५३२.३७ धरौटी मौजदात

१३. तोकिए बमोजिमका अन्य विवरण

- संघीय सरकार र प्रदेश सरकार मन्त्रालय र विभागबाट प्राप्त परिपत्र र निर्देशन बमोजिमका कार्यहरु गर्ने गरेको ।
- विपद व्यवस्थापन समिति, लघु उद्यम विकास समिति, जिल्ला खानेपानी सरसफाई तथा स्वच्छता समिति, भूकम्प पुनर्निर्माण समन्वय समिति, प्राकृतिक स्रोतको जिल्ला अनुगमन तथा व्यवस्थापन समिति लगायत तोकिए बमोजिम जि.स.स. को प्रतिनिधित्व गर्ने गरेको ।